# ठोरी गाउँपालिकाको आर्थिक ऐन, २०८२

गाउँ सभाबाट प्रस्तुत मितिः २०८२।०३।०४

गाउँ सभाबाट पारित मितिः २०८२।०३।०४

ठोरी गाउँ सभाबाट पारित यो विधेयक स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु ।

.........................

लाल बहादुर श्रेष्ठ

(अध्यक्ष)

मितिः २०८२।०३।०४

**ठोरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**घ्याङ्गडाँडा, पर्सा**

**मधेश प्रदेश, नेपाल**

CS CamScanner

**श्रीमान् सभाध्यक्ष महोदय,**

यस सभा समक्ष हाम्रो कार्यकालको चौथो आर्थिक वर्षको आर्थिक विधेयक, २०८२ प्रस्तुत गर्न पाउँदा आफूलाई अत्यन्त गौरवान्भित महसुस गरेको छु। संघीय प्रणाली अन्तर्गत स्थानीय शासनलाई आत्मनिर्भर, समावेशी र उत्तरदायी बनाउने हेतुले तयार पारिएको यस ऐनले गाउँपालिकाको आर्थिक अनुशासन, स्रोत परिचालन र समग्र विकास प्रक्रियालाई विधिसम्मत, प्रभावकारी र जनमुखी दिशामा उन्मुख गर्नेछ। आन्तरिक राजस्व सुदृढीकरण, कर प्रणालीको न्यायोचित पुनर्संरचना, सार्वजनिक खर्चको उच्चतम प्रभावकारिता, तथा प्राथमिकतामा आधारित कार्यक्रमहरूको समुचित वित्तीय व्यवस्थापन मार्फत समृद्ध, समावेशी र सशक्त स्थानीय शासन प्रणाली निर्माण गर्ने यो ऐनको मूख्य उद्देश्य रहेको छ । संविधानद्वारा प्रत्याभूत नागरिकका मौलिक हकहरूको सम्मान गर्दै आम सर्वसाधारणको हित र समृद्धिको लागि गुणस्तरीय तथा पहुँचयोग्य सार्वजनिक सेवा प्रवाहमा विशेष प्राथमिकता दिइएको छ ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

अब म ठोरी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ का लागि तयार गरिएको आर्थिक विधेयक, २०८२ यो सम्मानित सभामा औपचारिक रूपमा प्रस्तुत गर्न अनुमतिका लागि यस सभाबाट सहमतिको अपेक्षा गर्दछु।

## ठोरी गाउँपालिकाको आर्थिक विधेयक, २०८२

**प्रस्तावना :**

ठोरी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, गैरकर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ठोरी गाउँपालिकाको गाउँ सभाले ठोरी गाउँपालिकाको अर्थ सम्बन्धी ऐन, २०८२ पारित गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " ठोरी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८२" रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि ठोरी गाउँपालिकामा लागू हुनेछ ।



लाल बहादुर श्रेष्ठ
अध्यक्ष

**२. सम्पत्ति कर:**

गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम एकिकृत सम्पत्ती कर घर जग्गा कर लगाईने र असुल उपर गरिनेछ ।

**३. मालपोत:**

गाउँपालिका क्षेत्रभित्र अनुसूची -२ बमोजिम मालपोत लगाइने र असुल उपर गरिनेछ।

**४. घर बहाल कर:**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची -३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल उपर गरिनेछ ।

**५. व्यवसाय कर:**

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची -४ बमोजिम कर लगाईने र असुल उपर गरिनेछ।

**६. जडिवुटी कवाडी र जीवजन्तु निकासी कर:**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो,जडिवुटी,वनकस,कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,प्वाँख,छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची -५ बमोजिमको कर लगाईने र असुल उपर गरिनेछ।

**७. सवारी साधन कर:**

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची -६ बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. विज्ञापन कर:**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची -७ बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ।

तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**९. मनोरञ्जन कर:**

गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सञ्चालन गरेमा अनुसूची -८ बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूमा



लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०. बहाल विटौरी शुल्कः**

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण,रेखदेख वा सञ्चालन गरेमा अनुसूची -९ मा उल्लेख भए अनुसार हाट वजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार वहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।

**११. पार्किङ शुल्कः**

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची -१० बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपार गरिनेछ।

**१२. ट्रेकिङ्ग, कोयोकिङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टीङ शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग,कोयोकिङ,क्यानोइङ,बन्जी जम्पिङ,जिपफ्लायर र ऱ्याफ्टीङ सेवा वा व्यवसाय सञ्चाल गरे वापत अनुसूची -११ बमोजिमको शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुरः**

गाउँपालिकाले निर्माण,सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलव्ध गराईएको सेवामा सेवाग्राहीबाट अनुसूची -१२ बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ।

**१४. पर्यटन शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची -१३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१५. निकासी शुल्कः**

गाउँपिलिकाले आफ्नो क्षेत्रभित्र उत्पादन वा उत्खनन भई निकासी हुने सामग्रीहरुमा अनुसूची -१४ मा उल्लेखित दरमा निकासी शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१६. नक्सा पास शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बन्ने घर तथा संरचना निर्माणमा अनुसूची -१५ मा उल्लेखित दरमा नक्सा पास शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याउडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४



लाल बहादुर श्रेष्ठ
अध्यक्ष

**१७. अन्य शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको पोखरी,तालतलैया तथा बगैंचाहरुमा अनुसूची - १६ मा उल्लेखित दरलाई न्यूनतम अङ्क मानी ठेक्का लगाई आम्दानी गर्न सक्नेछ। तर प्रदेश कानून स्वीकृत भई सो क़ानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१८. अन्य विविध शुल्कः**

गाउँपालिकाले सिफारिस प्रमाणित गर्दा यस ऐनमा छुट हुन गएकाको हकमा अनुसूची - १७ मा उल्लेखित दरलाई न्यूनतम अङ्क मानी आम्दानी गर्न सक्नेछ।सोको शिर्षक विवरण कार्यपालिकाले निर्णय गरी समावेश हुँदै गएको मानिनेछ।

**१९. कर छुटः**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । यस गाउँपालिकामा उद्योग, व्यापार तथा व्यवसाय दर्ता कार्यविधी, २०७५ अन्तर्गत व्यवसाय दर्ता भई हालसम्म नविकरण नभएका व्यवसायहरुलाई बाकीं रहेको वक्यौदा रकम उठाउनको लागि आ.व. २०८२।०८३ को असोज मसान्तसम्म नविकरण गरेमा लाग्ने जरिवाना शुल्क १००% छुट गरिनेछ तथा कार्तिकदेखि ८५% छुट गरी १५% जरिवाना शुल्क लाग्नेछ ।

**२०. कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

## अनुसूची - १
## (ऐनको दफा २ सँग सम्बन्धित)

**सम्पत्ती कर :**

| क.सं. | विवरण | विस्तृत विवरण | कर निर्धारण रु. मा |
|---|---|---|---|
| १ | सम्पत्ती कर | | ० |

**नोटः** नेपाल सरकारले निर्देशन दिएमा वा कानूनद्वारा अनिवार्य गरेमा सोही अवस्थामा कायम गरिए बमोजिम सम्पत्ती कर दररेट निर्धारण गरी लागु गरिनेछ।

गैरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय म्याङडाँडा, पर्वत गण्डकी प्रदेश, नेपाल २०७४



लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

अनुसूची - २
(ऐनको दफा ३ सँग सम्बन्धित)

मालपोत :

| क्र.सं. | विवरण | विस्तृत विवरण | दररेट रु. मा |
|---|---|---|---|
| १ | मालपोत | जमिन | |
| | | अब्बल प्रति कठ्ठा | १० |
| | | दोयम प्रति कठ्ठा | ८ |
| | | सीम प्रति कठ्ठा | ७ |
| | | चार प्रति कठ्ठा | ५ |
| | | नखुलेको खेती योग्य जमिन प्रति कठ्ठा | १० |
| | | नखुलेको बञ्जर जमिन प्रति कठ्ठा | ५ |
| | | बाँझो राखेको खेती योग्य जमिन प्रति कठ्ठा | १५ |
| | | बजार एरिया र हुलाकी सडकले छोएको जमिन प्रति कठ्ठा | १५ |
| | | घडेरी ग्रामीण क्षेत्र प्रति धुर | ५ |
| | | घडेरीको जग्गामा प्रति धुर | १५ |
| | | उद्योग भएको जग्गामा प्रति कठ्ठा | २५ |

**नोटः-** चालु आर्थिक वर्षभित्र कर नबुझाउनेलाई दोस्रो बर्ष जम्मा कर रकममा २५ प्रतिशत, तेस्रो वर्षमा ३५ प्रतिशत गरी प्रत्येक थप बर्षमा १० प्रतिशत थप जरिवाना लाग्नेछ। तर आ.व. ०७४/०७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साविककै नियम र दररेट अनुसार लाग्नेछ ।

गौरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्याङडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

## अनुसूची - ३
### (ऐनको दफा ४ सँग सम्बन्धित)

वहाल कर :

| क्र.सं. | विवरण | रकम रु.मा |
|---|---|---|
| १ | ब्यापारीक प्रयोजन | १० प्रतिशत |
| २ | आवास प्रयोजन | १० प्रतिशत |
| ३ | कृषि प्रयोजन | १ प्रतिशत |

## अनुसूची - ४
### (ऐनको दफा ५ सँग सम्बन्धित)

व्यवसाय कर :

| क्र.सं. | विवरण | विस्तृत विवरण | रकम रु.मा |
|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | २५०० |
| | | थोक | २००० |
| | | खुद्रा | १००० |
| २ | हल्का पेय पदार्थ | थोक | १००० |
| | | खुद्रा | ५०० |
| ३ | चुरोट बिडी सुर्ती जन्य | वितरक | ५०० |
| | | थोक | ३०० |
| | | खुद्रा | २०० |
| ४ | सुनचाँदी पसल | थोक | २००० |
| | | खुद्रा पसल र मर्मत | १००० |
| ५ | औषधी पसल | थोक | ४००० |
| | | खुद्रा पसल | २००० |
| ६ | माछा/मासु बिक्री पसल | | १००० |
| ७ | आयुर्वेदिक औषधी पसल | | ५०० |
| ८ | एग्रोभेट पसल | थोक | २००० |
| | | खुद्रा | ५०० |

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याकडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १० | छपाई तथा प्रकाशन | अफसेट प्रेस | २००० |
| | | साधारण प्रेस | ५०० |
| ११ | कस्मेटिक पसल | | १००० |
| १२ | मोटर पार्टस | थोक | २००० |
| | | खुद्रा | १००० |
| १३ | प्लाई तथा ग्लास | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १४ | होम डेकोर | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १५ | हस्तकला / हस्तकला सामाग्री | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १६ | कपडा/फैन्सी/जुत्ता चप्पल/ब्याग पसल | थोक | १५०० |
| | | खुद्रा | १००० |
| १७ | धागो/टाँक पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| १८ | ईलेक्ट्रिक तथा ईलेक्ट्रोनिक पसल | थोक | १५०० |
| | | खुद्रा | १००० |
| १९ | हार्डवेयर/मेशिनरी/स्यानिटरी/प्लम्वीङ्ग/मार्वल पसल/पेन्ट | थोक | २००० |
| | | खुद्रा | १००० |

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, नेपाल

लाल बहादुर श्रेष्ठ
अध्यक्ष



CamScanner

| | | | |
|---|---|---|---|
| २० | पेट्रोलियम पदार्थ | पेट्रोल वा डिजेल पम्प | ५००० |
| | | पेट्रोल बिक्री केन्द्र पेट्रोल र डिजेल पम्प | ८००० |
| | | पेट्रोल, डिजेल र मट्टितेल पम्प | ९००० |
| | | मट्टितेल पम्प | २००० |
| | | ग्यास सिलिन्डर सब डिलर | १००० |
| २१ | स्टिल/आलमुनियम पसल | थोक | १५०० |
| | | खुद्रा | १००० |
| २२ | स-मिल | | ५००० |
| २३ | फर्निचर | थोक | ३००० |
| | | खुद्रा | १५०० |
| २४ | ढुङ्गागिट्टी बालुवा बिक्री वितरण गर्ने | | २००० |
| २५ | कपडा सिलाई केन्द्र | टेलरिङ आधुनिक | १००० |
| | | हाते मेसिन | ३०० |
| २६ | स्नुकर, पुल हाउस तथा स्केटिङ्ग | | १००० |
| २७ | क्यारेम बोर्ड | | ८०० |
| २८ | पशु आहार बिक्री केन्द्र | | ५०० |
| २९ | किराना पसल | थोक | २००० |
| | | खुद्रा (सटर) | ९०० |
| | | साना किराना | ५०० |
| ३० | फलफूल/तरकारी पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |

गाउँ कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष



CS CamScanner

| | | | |
|---|---|---|---|
| ३१ | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | २००० |
| | | खुद्रा | १००० |
| ३२ | भाँडा पसल (स्टिल, प्लाष्टिक, आल्मुनियम सबै थरी) | थोक | १००० |
| | | खुद्रा | ५०० |
| ३३ | माटाको भाँडा पसल | | ५०० |
| ३४ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा | चिकित्सक | २००० |
| | | कन्सल्टेन्ट सेवा (ईन्जिनियरिङ्ग) | २००० |
| | | कानुनी व्यवसायी ल फर्म | २००० |
| | | लेखा परीक्षण व्यवसायी | १००० |
| | | दन्त चिकित्सक | १००० |
| | | अनुसन्धानकर्ता परामर्श दाता | १००० |
| | | पशु चिकित्सक डाक्टर | १००० |
| | | रोजगार सेवा | १००० |
| ३५ | ढुवानी तथा ट्रान्सपोर्ट | | १५०० |
| ३६ | पेन्टर/साईनबोर्ड लेख्ने | | ५०० |
| ३७ | जग्गा व्यवसायी | | १००० |
| ३८ | ट्राभल एजेन्सी | | १००० |
| ३९ | ग्रील उद्योग तथा ग्रील कारखाना | | १००० |
| ४० | जुत्ता उद्योग | | १००० |
| ४१ | घरेलु कुटिर उद्योग (टीकी, अगरबत्ती, मैनबत्ती, अचार तथा अन्य कुटिर) | | ५०० |
| ४२ | कपडा तथा गार्मेन्ट उद्योग | | १००० |
| ४३ | सिरक डसना उद्योग पसल | | १००० |
| ४४ | कुटानी पेलानी/मिल साना | | ५०० |
| | कुटानी पिसानी मिल ठुलो | | २५०० |
| ४५ | मसला मिल | | ५०० |

गौरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ब्याउडांडा, पर्सा मधेश प्रदेश, नेपाल



लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| ४६ | ईट्टा उद्योग | | १०००० |
| ४७ | टायल / ब्लक उद्योग | | १००० |
| ४८ | सोलार पसल | | १००० |
| ४९ | डेरी उद्योग/व्यवसाय | | १००० |
| ५० | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १००० |
| | | दालमोट, पाउरोटी, चाउमिन | ८०० |
| | | पापड, चिप्स, फिगर | ५०० |
| ५१ | वनजन्य उद्योग | स मिल प्लाइउड उद्योग | ३००० |
| | | गोलाइ प्रति क्यु फिट | २ |
| | | दाउरा प्रति ट्रक | १००० |
| | | दाउरा प्रति ट्याक्टर | ५०० |
| | | काठ बिक्री डिपो | ३००० |
| ५२ | सुर्तिजन्य उद्योग | साना तथा कुटिर | १००० |
| ५३ | सफारी | | ५०० |
| ५४ | होटल लज रेष्टुरेन्ट | होटल र लज | १००० |
| | | रिसोर्ट | ५००० |
| | | होमस्टे | १५०० |
| | | भोजनालय | ५०० |
| | | मिठाई पसल | ५०० |
| | | पार्टी प्यालेस | २००० |
| | | रेष्टुरेन्ट-बार | २००० |
| | | चिया र खाजा पसल | २०० |
| | | खाजा, नास्ता पसल (मदिरा सहित) | १००० |
| | | खाना, खाजा, नास्ता, पसल (मदिरा सहित) | १५०० |
| ५५ | टेन्ट हाउस | | ५०० |

गौरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ठ्याकडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४



लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| ५६ | सञ्चार | एफ.एम. प्रसारण | २००० |
| | | केबल च्यानल प्रसारण | २००० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १००० |
| | | फोटो कपी, पि.सि.ओ. साइबर तथा क्याफे | ५०० |
| | | कुरियर सेवा | ५०० |
| | | कलर ल्याव/फोटो स्टुडियो | ५०० |
| ५७ | वित्तिय कारोवार | वाणिज्य बैंक प्रति शाखा, केन्द्रिय कार्यालय | ५००० |
| | | विकास बैंक प्रति शाखा, केन्द्रिय कार्यालय | ४००० |
| | | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ३००० |
| | | वित्तिय/ऋण सहकारी संस्था | १५०० |
| | | मनी ट्रान्सफर | ५०० |
| | | बिमा कम्पनी | २००० |
| | | लघुवित्त | २००० |
| ५८ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५०० |
| | | क्लिनिक तथा ल्याब | १५०० |
| ५९ | पशुपन्छी फर्म | दर्ता | १००० |
| | | नविकरण | ५०० |
| ६० | चस्मा पसल | | ५०० |

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ढ्याङडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४



CamScanner

| | | | |
|---|---|---|---|
| ६१ | शिक्षा सेवा निजी | क्याम्पस | २००० |
| | | मा.वि./उ.मा.वि. | १५०० |
| | | आधारभूत | १००० |
| | | प्राथमिक | ८०० |
| | | छात्रावास | १००० |
| | | मन्टेश्वरी | ८०० |
| | | पूर्व प्राथमिक | १००० |
| | | ट्यूशन सेन्टर | १००० |
| | | भाषा सिकाई/ ट्युसन/ कोचिङ्ग केन्द्र | १५०० |
| | | कम्प्युटर/नृत्यकला सिकाइ केन्द्र | ५०० |
| | | तालिम तथा अनुसन्धान केन्द्र | १००० |
| ६२ | मर्मत सम्भार | टायर-ट्युब मर्मत, रिसोलिङ्ग, हावा भर्ने | ५०० |
| | | ईन्जिन मर्मत | १००० |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | १००० |
| | | टि.भि., फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी, जेनेरेटर, कम्प्युटर, मोबाईल | ५०० |
| | | मोटरसाईक मर्मत | ५०० |
| | | बस, ट्याक्सी लगायतका सवारी साधन | १००० |
| ६३ | ड्राइ क्लिनिक, ब्युटी पार्लर तथा सैलुन | | ५०० |
| ६४ | स्पा तथा मसाज सेन्टर | | १०००० |
| ६५ | सुर्तिजन्य पदार्थ निकासी | प्रति के.जी. | १ |
| ६६ | फुल बिरुवा पसल | | ५०० |

जीरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धोबिनी मधेश प्रदेश, नेपाल



लाल बहादुर श्रेष्ठ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ६७ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | ५०० |
| | | अन्तर्राष्ट्रिय | १००० |
| ६८ | रासायनिक मल बिक्री वितरण | | १००० |
| ६९ | रासायनिक मल बिक्री वितरण इजाजत तथा नविकरण | | १००० |
| ७० | खाद्यन्न पसल | थोक बिक्रेता | २००० |
| | | खुद्रा बिक्रेता | १५०० |
| ७१ | किटनाशक विषादी बिक्री | | ५०० |
| ७२ | निर्माण व्यवसायी | घ वर्ग | २००० |
| ७३ | ड्राईभिङ्ग सेन्टर | | ५००० |

## अनुसूची - ५
### (ऐनको दफा ६ सँग सम्बन्धित)

जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर :

| क्र.सं. | विवरण | दररेट रु.मा |
|---|---|---|
| १ | राँगा भैसी निकासी प्रतिगोटा | २०० |
| २ | खसी बाखा भेडा प्रतिगोटा | ५० |
| ३ | हाँस कुखुरा प्रति गाडि | ५०० |
| ४ | कवाडी प्रति के.जी. | |
| | फलाम तथा धातुजन्य कवाडी | ५० पैसा |
| | प्लाष्टिकजन्य कवाडी | १० पैसा |

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

## अनुसूची - ६
### (ऐनको दफा ७ सँग सम्बन्धित)

**सवारी साधन कर :**

| क्र.सं. | विवरण | दररेट रु.मा |
|---|---|---|
| १ | सवारी साधन दर्ता शुल्क | |
| | सानो | ० |
| | ठूलो | ० |
| | हेभी | ० |
| २ | पटके सवारी कर | |
| | सानो | ५ |
| | ठूलो | १० |
| | हेभी | २० |

## अनुसूची - ७
### (ऐनको दफा ८ सँग सम्बन्धित)

**विज्ञापन कर :**

| क्र.सं. | विवरण | विस्तृत विवरण | दररेट रु.मा |
|---|---|---|---|
| १ | विज्ञापन कर | सार्वजनिक स्थानमा विज्ञापन वा साईनबोर्ड राखे वापत बार्षिक | २०० प्रति स्क्यावर मिटर |
| | | सार्वजनिक स्थानमा विद्युतीय विज्ञापन वा साईनबोर्ड राखे वापत वार्षिक | ३०० प्रति स्क्यावर मिटर |

## अनुसूची - ८
### (ऐनको दफा ९ सँग सम्बन्धित)

**मनोञ्जन कर :**

| क्र.सं. | विवरण | विस्तृत विवरण | कर निर्धारण रु.मा |
|---|---|---|---|
| १ | मनोञ्जन कर | मनोञ्जन कर | ० |

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पर्सा
मधेश प्रदेश, नेपाल
२०७४



CamScanner

## अनुसूची - ९
### (ऐनको दफा १० सँग सम्बन्धित)

**बहाल बिटौरी शुल्क :**

| क्र.सं. | विवरण | विस्तृत विवरण | दररेट रु.मा |
|---|---|---|---|
| १ | हाट बजार कर | प्रत्येक पसल प्रति दिन | २० |
| २ | बहाल बिटौरी कर | टहरो छाप्रो मासिक | २०० |
| | | घुम्ती मासिक | २०० |
| | | ठेला मासिक | १०० |
| ३ | मेला लगाउने | प्रतिदिन | ५०० |

**नोटः-** एक दिन भन्दा बढी मेला लगाउनेको हकमा बढाबढद्वारा तय हुनेछ।

## अनुसूची - १०
### (ऐनको दफा ११ सँग सम्बन्धित)

**पार्किङ शुल्क :**

| क्र.सं. | विवरण | दररेट रु.मा |
|---|---|---|
| १ | मोटर साईकल | ५ |
| २ | लाईट गाडी | १० |
| ३ | हेभी गाडी | २० |

## अनुसूची - ११
### (ऐनको दफा १२ सँग सम्बन्धित)

**ट्रेकिङ्ग, कोयोनिङ, ,बन्जी जम्पिङ्ग, जिप फ्लायर र न्यापिटङ प्याँपटीङ्ग, स्विमिङ्ग शुल्क :**

| क्र.सं. | विवरण | | दररेट रु.मा |
|---|---|---|---|
| १ | ट्रेकिङ्ग ठोरी क्षेत्र भित्रकालाई | | १० |
| २ | ट्रेकिङ्ग ठोरी क्षेत्र बाहिरकालाई | | २५ |
| ३ | ट्रेकिङ्ग सार्क राष्ट्रलाई | | ५० |
| ४ | ट्रेकिङ्ग अन्य राष्ट्रलाई | | ७५ |
| ५ | स्विमिङ्ग | स्वदेशी | १०० |
| | | विदेशी | १६० |



लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

## अनुसूची - १२
(ऐनको दफा १३ सँग सम्बन्धित)

सेवा शुल्क, दस्तुर :

| क्र.सं. | विवरण | विस्तृत विवरण | दररेट रु.मा |
|---|---|---|---|
| १ | घरजग्गा नामसारी सिफारिस | १ कठ्ठा देखि १० कठ्ठा सम्म | १०० |
| | | १० कठ्ठा देखि १ विघा सम्म | २०० |
| | | १ विघा देखि माथि | ५०० |
| २ | मोही लगत कट्टा सिफारिस | एकासंगोलको मोही कट्टा सिफारिस | २०० |
| | | अन्य मोही कट्टा सिफारिस | ५०० |
| ३ | अन्य लगत कट्टा सिफारिस | | १०० |
| ४ | मोही नामसारी | | ३०० |
| ५ | घरबास जग्गाको सिफारिस | | २०० |
| ६ | घर कायम सिफारिस | १० कठ्ठा सम्मको | २०० |
| ७ | घर कायम सिफारिस | १० कठ्ठा भन्दा माथिको | ४०० |
| ८ | सर्जमिन मुचुल्का सिफारिस दस्तुर | साधारण | २०० |
| | | उद्योग वाव्यवसाय प्रयोजन | १५०० |
| | | ईट्टा भट्टाको लागि | २५००० |
| ९ | छात्रवृति सिफारिस | निशुल्क | ० |
| १० | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारिस | निशुल्क | ० |
| ११ | अपाङ्गता भएको सिफारिस | निशुल्क | ० |
| १२ | बन्यजन्तुबाट भएको क्षेती सिफारिस | निशुल्क | ० |



लाल बहादुर श्रेष्ठ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १३ | अस्थायी बसोबास सिफारिस | | १०० |
| १४ | स्थायी बसोबास सिफारिस | | १०० |
| १५ | नागरिकता तथा प्रतिलिपी सिफारिस | बंशज/जन्म | ० |
| | | अंगिकृत | ० |
| १६ | नागरिकता संशोधन सिफारिस | | १०० |
| १७ | विद्युत मिटर जडान सिफारिस | | २०० |
| १८ | कृषि विद्युत जडान सिफारिस | | १०० |
| १९ | धारा जडान सिफारिस | | १०० |
| २० | जीवित रहेको सिफारिस | | १०० |
| २१ | पारिवारिक विवरण प्रमाणित | | १०० |
| २२ | दुवै नाम गरेको व्यक्ति एक हो भन्ने वा फरक जन्म मिति संशोधन सिफारिस | | १०० |
| २३ | व्यवसाय बन्द सिफारिस | | १०० |
| २४ | व्यवसाय संचालन नभएको सिफारिस | | १०० |
| २५ | व्यापार व्यवसाय नभएको सिफारिस | | १०० |
| २६ | कोर्ट फि मिनाहा सिफारिस | | ० |
| २७ | नाबालक परिचयपत्र सिफारिस | | १०० |
| २८ | चौपाया सम्बन्धी सिफारिस | | १०० |
| २९ | आदिवासी/जनजाती/मधेशी/दलित/ पिछडा वर्ग भएको सिफारिस | | १०० |



धोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, नेपाल

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ३० | विपन्नता सिफारिस | | ० |
| ३१ | विदेश अध्ययनको लागि जग्गा मूल्याङ्कन | मूल्याङ्कनको प्रतिशत | ०.०२ |
| ३२ | विदेश अध्ययनको लागि आम्दानी प्रमाणित | | १०० |
| ३३ | कपाली तमसुक प्रमाणित गर्नुपर्ने भएमा | | ४०० |
| ३४ | घरपाताल भएको प्रमाणित | | १०० |
| ३५ | जग्गा धनी पुर्जामा घर कायम सिफारिस | | २५० |
| ३६ | जग्गा धनी पुर्जा हराएको सिफारिस | | २०० |
| ३७ | घरबाटो सिफारिस | | १०० |
| ३८ | चार किल्ला प्रमाणित सिफारिस | | १०० |
| ३९ | जग्गा बर्गिकरण सिफारिस | | १०० |
| ४० | जग्गा मूल्याङ्कन सिफारिस | | १०० |
| ४१ | कित्ता काटको सिफारिस | | १०० |
| ४२ | जिवित सँगको नाता प्रमाणित | | १०० |
| ४३ | हकवाला हकदार सिफारिस | | १०० |
| ४४ | जिवित रहेको सिफारिस | | २०० |
| ४५ | नीजि विद्यालय खोल्ने सिफारिस | | ५००० |
| ४६ | नीजि विद्यालयमा कक्षा थप सिफारिस | | २००० |



धोरे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ब्याग्रडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| ४७ | पालन पोषण सिफारिस | | ० |
| ४८ | अपुताली सिफारिस | | १००० |
| ४९ | व्यक्तिगत घटना दर्ता | जन्म दर्ता | ३५ दिन भित्र निशुल्क, ५ वर्ष भित्र रु. ५० |
| | | विवाह दर्ता | |
| | | बसाइसराई | |
| | | मृत्यु दर्ता | ५ बर्ष पछि रु. १०० |
| | | सम्बन्ध विच्छेद | |
| ५० | व्यक्तिगत घटना दर्ता संसोधन | | २०० |
| ५१ | घटना दर्ता प्रतिलिपि उतार | | १०० |
| ५२ | व्यवसाय दर्ता | १ लाख सम्मको | १०० |
| | | ५ लाख सम्मको | २०० |
| | | २० लाख सम्मको | ५०० |
| | | ५० लाख सम्मको | १००० |
| | | ५० लाख भन्दा माथिको | २००० |
| ५३ | "घ" वर्ग निर्माण व्यवसायी | दर्ता | ३५००० |
| ५४ | "घ" वर्ग निर्माण व्यवसायी | नविकरण | ५००० |
| ५५ | जन्म मिति प्रमाणित | | १०० |
| ५६ | मिलापत्र निवेदन दस्तुर | | १०० |
| ५७ | विवाहित वा अविवाहित प्रमाणित | | १०० |
| ५८ | स्वास्थ्य उपचार सिफारिस | | ० |
| ५९ | अंग्रेजी माध्यम सिफारिस | | २०० |



लाल बहादुर श्रेष्ठ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ६० | दुबै नाम एकै व्यक्तिको हो भन्ने सिफारिस | | १०० |
| ६१ | जन्म मिति संसोधन सिफारिस | | २०० |
| ६२ | कागज वा मञ्जुरीनामा प्रमाणित | | १०० |
| ६३ | संरक्षक प्रमाणित | | १०० |
| ६४ | जग्गाको हक सम्बन्धी सिफारिस | | १०० |
| ६५ | उद्योग वा व्यवसाय ठाउँसारी | | ५०० |
| ६६ | उजुरी वा मुद्धा दायर दस्तुर | | १०० |
| ६७ | नयाँ पेट्रोलियम पम्प राख्ने सिफारिस | | १०००० |
| ६८ | गै.स.स. दर्ता तथा नविकरण सिफारिस | | २०० |
| ६९ | कृषिवाली तथा पशुपन्छी क्षति दावी बिमा सिफारिस | | १०० |
| ७० | जग्गा नाप जाँच दस्तुर | प्रति पटक/प्रति कित्ता | ५०० |
| ७१ | नाता प्रमाणित | | १०० |
| ७२ | भवन निर्माण दरखास्त फाराम | | १००० |
| ७३ | भवन अभिलेखिकरण दरखास्त फाराम | | १००० |
| ७४ | कृषक समूह दर्ता | | ३०० |
| ७५ | कृषक समूह नविकरण | | १०० |
| ७६ | कृषि सहकारी संस्था दर्ता | | ५०० |



जीरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ७७ | वचत तथा ऋण सहकारी संस्था दर्ता | | १००० |
| ७८ | अन्य संस्था दर्ता सिफारिस | | १०० |
| ७९ | अन्य सिफारिस | | १०० |
| ८० | व्यवसाय दर्ता निवेदन फाराम | | ५० |

## अनुसूची - १३
### (ऐनको दफा १४ सँग सम्बन्धित)

पर्यटन शुल्क :

| क्र.सं. | विवरण | दररेट रु.मा |
|---|---|---|
| १ | पर्यटन शुल्क | ० |

## अनुसूची - १४
### (ऐनको दफा १५ सँग सम्बन्धित)

निकासी शुल्क :

| क्र.सं. | विवरण | दररेट रु. मा |
|---|---|---|
| १ | पाकेको ईटा निकासी | प्रति ईटा १० पैसा |
| २ | काचो ईटा निकासी | प्रति ईटा ५ पैसा |
| ३ | मटो निकासी | प्रति घ.मि. १० रुपैयाँ |
| ४ | बालुवा निकासी | प्रति घ.मि. १५ रुपैयाँ |
| ५ | रोडा निकासी | प्रति घ.मि. २० रुपैया |
| ६ | ग्राभेल निकासी | प्रति घ.मि .१५ रुपैयाँ |
| ७ | काठ दाउरा निकासी | प्रति ट्र्याक्टर रु. ५०० |
| | | प्रति ट्रक रु. १००० |

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

## अनुसूची -१५
### (ऐनको दफा १६ सँग सम्बन्धित)

**नक्सापास तथा भवन अभिलेखिकरण दस्तुर :**

| क्र.सं. | विवरण | विस्तृत विवरण | दररेट रु. मा |
|---|---|---|---|
| १ | फुस्को घर (टाटी माटोको) | | १०० |
| २ | काचो ईटा र माटो जोडाई | | १५० |
| ३ | पाकेको ईटा र माटो जोडाई जस्ता वा टायल वा खपटा छाना | | २०० |
| ४ | काठको घर जस्ता वा टायल वा खपटाको छाना | | ५०० |
| ५ | पाकेको ईटा र माटो जोडाई डि.पि.सि. छाना | प्रति स्क्वायर फिट | १ |
| ६ | पाकेको ईटा, सिमेन्ट जोडाई जस्ता वा टायल वा खपटा छाना | प्रति स्क्वायर फिट | १.५० |
| ७ | पाकेको ईटा र सिमेन्ट जोडाई डि.पि.सि. छाना | प्रति स्क्वायर फिट | २ |
| ८ | पाकेको ईटा र सिमेन्ट जोडाई पिलर सिष्टम आर.सि.सि. भुई तला | प्रति स्क्वायर फिट | ३ |
| ९ | पाकेको ईटा र सिमेन्ट जोडाई पिलर सिष्टम आर.सि.सि. पहिलो तला | प्रति स्क्वायर फिट | ४ |
| १० | पाकेको ईटा र सिमेन्ट जोडाई सिष्टम आर.सि.सि. दोस्रो तला | प्रति स्क्वायर फिट | ५ |
| ११ | व्यवसायिक भवन वा हाउजिङ भुई तला | प्रति स्क्वायर फिट | ५ |
| १२ | व्यवसायिक भवन वा हाउजिङ पहिलो तला | प्रति स्क्वायर फिट | ७ |
| १३ | तला बढदा प्रत्येकमा | प्रति स्क्वायर फिट | रु. २ बढ्दै जानेछ |

**नोटः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपछि नक्सा पास नगरी बनाईएको संरचनाको नक्सा पास गर्दा तोकिएको शुल्कमा लाग्ने जरिवानामा छुट दिईनेछ ।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

## अनुसूची - १६
### (ऐनको दफा १७ सँग सम्बन्धित)

**अन्य शुल्क :**

| क्र.सं. | विवरण | दररेट रु. मा |
|---|---|---|
| १ | माछा पोखरी ठेक्का | रु. ३ प्रति स्क्यार मिटर |

**नोटः-** माछा पोखरी जस्ता विषयमा ठेक्का लगाउदा बढाबढबाट बढी कवोल गर्नेलाई दिने व्यवस्था मिलाईने छ।

## अनुसूची - १७
### (ऐनको दफा १८ सँग सम्बन्धित)

**अन्य विविध शुल्क :**

| क्र.सं. | विवरण | दररेट रु. मा |
|---|---|---|
| १ | विविध आम्दानी (शिर्षक नखुलेका सिफारिस / प्रमाणित) | १०० |

गौरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ठ्याकठेउरा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner